**आकाशवाणी समाचार- नेपाली**

मितिः ७ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले पश्चिम एशियाई देशहरु सितको सम्बन्ध सदैव भारतको प्रमुख प्राथमिकता रहेको बताउनुभएको छ ।
- प्रधानमंत्री नरेन्द्र मोदी कनाडाको कनानास्किसमा यसै महिनामा हुने जी-7 शिखर बैठकमा सामेल हुनुहुनेछ ।
- ब्रिक्स समूहका दश देशहरूले पहलगाम आतंकवादी हमलाको कडा निन्दा गरेका छन् र आतंकवाद उन्मूलन गर्ने नीतिमा सहकार्य गर्न सहमत भएका छन्।
- एक करोड रुपैयाँभन्दा बढीको इनाम तोकिएका बाह्र कट्टर नक्सलवादीहरूले हिजो महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसको उपस्थितिमा गडचिरोली जिल्लामा सुरक्षा बलसमक्ष आत्मसमर्पण गरेका छन्।
- **बकरीद अर्थात् कुर्बानीको त्यौहार ईद उल अजहा आज देशको बिभिन्न भागहरुमा मनाइन्दैछ ।**
- मौसम विज्ञान विभाग (आईएमडी) ले आज मध्य महाराष्ट्र, मराठवाड़ा, नागाल्याण्ड, मणिपुर, मिजोरम अनि त्रिपुरामा भारी वर्षाको पूर्वानुमान गरेको छ।

**प्रधानमंत्री-पश्चिम एशिया**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ कि पश्चिम एशियाई देशहरु सितको सम्बन्ध सदैव भारतको प्रमुख प्राथमिकता रहेको छ । प्रधानमंत्रीले हिज नयाँ दिल्लीमा पश्चिम एशियाका देशहरु कजाकिस्तान, किर्गिज गणराज्य, ताजिकिस्तान, तुर्कमेनिस्तान अनि उजबेकिस्तानका विदेश मंत्रिहरु सित भएको बैठकमा यसो भन्नुभएको हो । विदेश मंत्रिहरुले प्रधानमंत्री मोदीलाई भारत-पश्चिम एशिया वार्ताको चौथो बैठकको अवधि भएको सकारात्मक अनि उपयोगी चर्चाहरु बारे जानकारी गराए । श्री मोदीले दह्रिलो आर्थिक सम्बंध, कनेक्टिविटीमा सुधार, उन्नत रक्षा अनि सुरक्षा सहयोग सितै नयाँ अनि बढदो क्षेत्रहरुमा व्यापक सहयोगको लागि दृष्टिकोण साझा गर्नुभयो । श्री मोदीले भन्नुभयो भारत अनि पश्चिम एशिया बीच बलियो साझेदारीले, हाम्रो साझी क्षेत्रीय अनि वैश्विक चुनौतिहरुको समाधान गर्नमा धेरै सहयोग गर्दछ ।

**प्रधानमंत्री जी-7 - कनाडा**

प्रधानमंत्री नरेन्द्र मोदी कनाडाको कनानास्किसमा यसै महिनामा हुने जी-7 शिखर बैठकमा सामेल हुनुहुनेछ । कनाडाका प्रधानमंत्री मार्क कार्नीले हिज श्री मोदीलाई फोन मार्फत यस सम्मेलनमा भाग लिनको लागि आमंत्रित गर्नुभयो । सोशल मीडिया पोस्टमा श्री मोदीले श्री कार्नीलाई हालैमा भएको चुनावमा जीत प्राप्त गरेकोमा बधाई दिनुभयो अनि शिखर बैठकमा आमंत्रित गर्नु भएकोमा अभार व्यक्त गर्नुभयो । उहाले भन्नुभयो - भारत अनि कनाडाले आपस्तको सम्मान अनि साझा हितहरुको आधारमा नयाँ जोश अनि उत्साह सित मिलेर काम गर्नेछ , किनभने दुवै देशहरुका जनता बीच गहिरो सम्बन्ध छ । प्रधानमंत्रीले भन्नुभयो कि उहाँ शिखर सम्मेलनमा कनाडाका प्रधानमंत्री सित भेट गर्न उत्सुक हुनुहुन्छ । ओटावामा संवाददाताहरुसित कुराकानीमा कनाडाका प्रधानमंत्री मार्क कार्नीले भन्नुभयो -जी-7 सम्मेलनमा अघि बढिरहेको अनि विकासशील देशहरु बीच भागदारी बढाउने बिषय माथि विशेष रूपमा बातचीत हुनेछ । उहाले भन्नुभयो कि भारत विश्वको सबैभन्दा ठुलो अर्थव्यवस्था भएको देशहरुमा सामेल छ अनि

भारतको उपस्थिति यस बैठकमा महत्वपूर्ण हुनेछ। भारतको वैश्विक आपूर्ति श्रृंखलामा महत्वपूर्ण भूमिका रहेको उहाले बताउनुभयो। जी-7 शिखर बैठक 15 देखि 17 जून सम्म कनाडाको अल्बर्टा प्रांतको कनानास्किसमा हुनेछ।

**ब्रिक्स संसद**

ब्रिक्स समूहका दश देशहरूले पहलगाम आतंकवादी हमलाको कडा निन्दा गरेका छन् र आतंकवाद उन्मूलन गर्ने नीतिमा सहकार्य गर्न सहमत भएका छन्। ४ र ५ जुनमा ब्राजिलको ब्रासिलियामा भएको ११ औं ब्रिक्स संसदीय मञ्चको बैठकमा लोकसभाका अध्यक्ष ओम बिर्लाले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। धेरै चरणको गहन छलफलपछि, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग, विश्वव्यापी व्यापार र अर्थतन्त्र, अन्तर-संसदीय सहयोग, विश्वव्यापी शान्ति र सुरक्षा जस्ता प्रमुख विश्वव्यापी मुद्दाहरूमा ब्रिक्स देशहरू बीच व्यापक सहमति भएको छ। लोकसभा सचिवालयले एक विज्ञप्तिमा भनेको छ- विभिन्न मुद्दाहरूमा भारतको अडानलाई व्यापक रूपमा प्रशंसा गरिएको छ

**विशेष फीचर- सरकार के 11 साल**

भारतले सेवा, सुशासन अनि गरिबहरुको कल्याणको सिद्धान्तहरु सितै बिगत एक दशकमा उल्लेखनीय परिवर्तनकारी कार्य गरेको छ। आकाशवाणी समाचारले बिगत 11 बर्षहरुको अवधि प्रमुख क्षेत्रहरुमा सरकारको प्रयासहरु बारे एक विशेष फीचर प्रसारित गरिरहेको छ। आज हामी वैश्विक नेतृत्व अनि स्वच्छ ऊर्जा बारे चर्चा गरिरहेका छौ।

**महा- नक्सल आत्मसमर्पण**

एक करोड रुपैयाँभन्दा बढीको इनाम तोकिएका बाह्र कट्टर नक्सलवादीहरूले हिजो महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसको उपस्थितिमा गडचिरोली जिल्लामा सुरक्षा बलसमक्ष आत्मसमर्पण गरे। मुख्यमन्त्रीले उनीहरूलाई संविधानको प्रतिलिपि प्रदान गर्नुभयो। श्री फडणविसले महाराष्ट्र-छत्तीसगढ सीमामा अवस्थित जिल्लाको दुर्गम कवान्डे गाउँको भ्रमण पनि गर्नुभयो। यो दुर्गम नक्सल प्रभावित क्षेत्रमा मुख्यमन्त्रीको पहिलो भ्रमण हो।
यस अवसरमा पत्रकारहरूसँग कुरा गर्नुहुँदै मुख्यमन्त्रीले हतियार समर्पण गर्नेहरू मुख्यधारामा सामेल हुन र देश र संविधानप्रति वफादार हुन चाहेको बताउनुभयो।उहाँले भन्नुभयो -पछिल्लो १८ महिनामा राज्यमा २८ माओवादी मारिएका, ३१ जना पक्राउ परेका र ४४ जनाले आत्मसमर्पण गरेका छन्, जुन एक रेकर्ड हो। अर्को वर्ष मार्चसम्ममा नक्सलवाद अन्त्य गर्ने दाबी गर्नुहुँदै श्री फडणविसले महाराष्ट्रमा धेरै कम सक्रिय नक्सलवादी बाँकी रहेको बताउनुभयो|उहाँले भन्नुभयो -यो बाँकी नक्सलवादीहरूलाई आत्मसमर्पण गर्न वा कारबाहीको सामना गर्न सन्देश हो| मुख्यमन्त्रीले भन्नुभयो- यदि उनीहरूले आत्मसमर्पण गरे भने, सरकारी नीति अनुसार उनीहरूलाई पुनर्वास गरिनेछ। श्री फडणवीस १३ पूर्व नक्सलवादीहरूको सामूहिक विवाहमा पनि सहभागी हुनुभएको थियो।

**ईद उल अजहा**

बकरीद अर्थात् कुर्बानीको त्यौहार ईद उल अजहा आज देशको बिभिन्न भागहरुमा मनाइन्दैछ। ईदगाहहरु अनि मस्जिदहरुमा ईदको नमाज़ अदा गर्रिदैछ। राष्ट्रीय राजधानी दिल्लीमा मुख्य नमाज़ जामा मस्जिद, फतेहपुरी मस्जिद अनि शाही ईदगाहमा हुनेछ। ईद उल अजहा हज़रत इब्राहिम द्वारा अल्लाहको आदेश पालन गर्दै आफ्नो एकमात्र पुत्रको कुर्बानी दिएको स्मरणमा मनाईने गरिन्छ।

**विश्व स्वास्थ्य संगठन-भारत सहयोग**

विश्व स्वास्थ्य संगठनका महानिदेशक टेड्रोस एडनॉम घेब्रेयससले जिनेवामा आपदा जोखिम स्तर कम्ति गर्नको लागि 8ओ वैश्विक मंचको अवसरमा प्रधानमंत्री नरेंद्र मोदीका प्रधान सचिव पी के मिश्रा सित कुराकानी गर्नुभयो। उहाले विश्व स्वास्थ्य संगठन सित भारतको सहयोग अनि जामनगर स्थित विश्व स्वास्थ्य संगठनको ग्लोबल ट्रेडिशनल मेडिसिन सेंटर भागीदारी बारे पनि चर्चा गर्नुभयो। श्री घेब्रेयससले महामारी समझौतालाई अपनाउनमा भारतको नेतृत्व अनि सबैका लागि स्वास्थ्य सेवाहरु अघि बढ़ाउन विश्व स्वास्थ्य संगठनको योगदानको समर्थनकोलागि मिश्रा प्रति आभार व्यक्त गर्नुभयो। उहाले स्वास्थ्य देखभालको बुनियादी ढांचा, वैश्विक स्तरमा स्वास्थ्य कवरेजको विस्तार गर्नको लागि आयुष्मान भारत योजना अनि डिजिटल स्वास्थ्यमा भारतको निवेशको

पनि सराहना गर्नुभयो ।

**राफेल जेट-दसॉ-टाटा**

फ्रांसको एयरोस्पेस कंपनी दसां एविएशन अनि भारतको टाटा एडवांस्ड सिस्टम्स लिमिटेडले भारतमा राफेल लड़ाकू विमानको ढांचाको संयुक्त रूपमा निर्माण गर्नको लागि सम्बन्धित चार समझौताहरु माथि हस्ताक्षर गरेको छ । यो देशको एयरोस्पेस विनिर्माण क्षमताहरुलाई बलियो बनाउनु अनि वैश्विक आपूर्ति श्रृंखलाहरुको समर्थन गर्ने दिशामा एउटा महत्वपूर्ण कदम हो ।

**आईएमडी मौसम**

मौसम विज्ञान विभाग (आईएमडी) ले आज मध्य महाराष्ट्र, मराठवाड़ा, नागाल्याण्ड, मणिपुर, मिजोरम अनि त्रिपुरामा भारी वर्षाको पूर्वानुमान गरेको छ। मौसम विभाग अनुसार उत्तरपूर्वी क्षेत्रमा आगामी सात दिनसम्म वर्षाको गतिविधि जारी रहने छ । मौसम विभागले दक्षिणी प्रायद्वीपीय भारतको तटीय आन्ध्र प्रदेश, तेलंगना, रायलसीमा र कर्नाटक तथा मध्य भारतको विदर्भ, छत्तीसगढ अनि उडिसामा यस महिनाको १० तारिखसम्म मेघगर्जन, हावाहुरी र चट्याङसहित वर्षा हुने पूर्वानुमान गरेको छ । पूर्वी राजस्थानमा भोलिसम्म हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

****** ० ******

****** ० ******